# संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको सँगालो

**२०६५ असोज**

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर


**लेखन/सम्पादन**
शंकरनाथ अधिकारी

**डिजाइन**
सुबोध पोखरेल/पुनम मुनाकर्मी

मुद्रक :

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं,
नेपाल

प्रकाशन मितिः असोज, २०६५
संस्करण : प्रथम, १००० प्रति
प्रतिवेदन नं : ४७/९९/०६५ (के.का.)


**सर्वाधिकार © राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहर भवन, ललितपुर, नेपाल ।**

# मन्तव्य

नेपाली जनताले लामो समयसम्मको बलिदानीपूर्ण संघर्षबाट प्राप्त गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै शान्त, सुदृढ र समुन्नत नेपालको निर्माण गर्ने सिलसिलामा २०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधानसभाको निर्वाचन नेपालको इतिहासमा सुनौलो अक्षरमा लेखिनेछ । संविधानसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न हुनु सुखद कुरा भए पनि यसका सामुन्ने धेरै ठूला चुनौतिहरु रहेका छन् । सम्पूर्ण नेपाली जनताको इच्छा र आकांक्षालाई बैधानिक दस्तावेजमार्फत संस्थागत गर्ने कार्य अवश्य नै अत्यन्त जटिल र महत्वपूर्ण कार्य हो । विगतका संविधानहरु जस्तो नभई अब बन्ने नयाँ संविधानमा जनताका भावनाहरु स्पष्ट रुपमा समेटिनु पर्दछ ।

संविधान निर्माणको प्रक्रिया शुरु हुन लागेको वर्तमान अवस्थामा सबैको ध्यान संविधानसभा तर्फ केन्द्रित रहनु स्वाभाविकै हो । लोकतन्त्र, विधिको शासन र मानव अधिकारको प्रत्याभूति लगायत संविधानमा समावेश गरिनु पर्ने विषयहरु, संविधान निर्माणका क्रममा अपनाउन सकिने प्रक्रियाहरु तथा राज्य पुनःसंरचना जस्ता विषयमा आम जनताको ठूलो चासो रहेको छ । आयोगको अभिप्राय पनि नयाँ संविधान मानव अधिकारमैत्री बनोस्, यसले मानव अधिकार, लोकतन्त्र र विधिको शासनका मूल्य र मान्यतालाई संस्थागत गरोस्, संविधान निर्माण प्रक्रिया बढीभन्दा बढी सहभागितामूलक र पारदर्शी होस् भन्ने रहेको छ । यथार्थमा भन्नु पर्दा संविधानमा समावेश गरिने विषयका अतिरिक्त के कस्तो प्रक्रियाको अवलम्वन गरी संविधान निर्माण गर्ने भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ ।

संविधान निर्माण प्रक्रिया मूलत संविधानसभाको भएतापनि अन्य निकाय, संघसंस्था, नागरिक समाज लगायत हरेक नागरिकले यस महान कार्यमा उल्लेखनीय योगदान पुऱ्याउन सक्दछन् । संविधान निर्माण कार्यमा सहयोग पुऱ्याउने पुनित उद्देश्यले अभिप्रेरित भई "संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको सँगालो" नामक यो सानो पुस्तिका तयार गरी प्रकाशित गरिएको छ । यसले संविधान निर्माणको सम्वन्धमा नेपालको अन्तरिम संविधान, २०६३ मा भएका प्रावधानहरु, मानव अधिकारमैत्री संविधानका आधारभूत विशेषताहरु तथा संविधान निर्माण प्रक्रियाका विविध पक्षहरुलाई सरल र संक्षिप्त रुपमा उल्लेख गरेको छ । संविधान निर्माण प्रक्रियाका सम्वन्धमा जिज्ञासा राख्ने सबैकालागि यस पुस्तिकाले थोरै भए पनि आवश्यक सहयोग पुऱ्याउनेछ भन्ने पूर्ण विश्वास लिएको छु । अन्त्यमा, यस पुस्तिकाको लेखन तथा सम्पादन गरी आयोगको कार्यमा रचनात्मक सहयोग पुऱ्याउनु हुने आयोगको विधिविषय महाशाखा प्रमुख शंकरनाथ अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मा. सदस्य रामनगिना सिंह<br>
संयोजक<br>
संविधानसभा निर्वाचन समन्वय समिति

## विषयसूची


| | | पेज नं. |
|---|---|---|
| १. | संविधानसभा भनेको के हो ? | १ |
| २. | संविधानसभाको उद्देश्य के हो ? | १ |
| ३. | संविधानसभाले गर्ने मुख्य कार्यहरु के के हुन् ? | २ |
| ४. | संविधान भनेको के हो ? | २ |
| ५. | संविधान निर्माण प्रक्रियामा जनसहभागिता हुनु किन आवश्यक छ ? | ३ |
| ६. | संविधान सभाले संविधान निर्माण गर्दा के कस्तो प्रक्रिया अपनाउन सक्छ ? | ४ |
| ७. | विगतमा नेपालमा निर्माण भएका संविधानहरु भन्दा वर्तमान संविधानसभाले निर्माण गर्ने संविधान कुन अर्थमा फरक हुन्छ ? | ६ |
| ८. | मानव अधिकार भनेको के हो ? | ८ |
| ९. | संविधान लेखनको सन्दर्भमा मानव अधिकारको सवाल किन महत्वपूर्ण मानिन्छ ? | ९ |
| १०. | मानव अधिकारमैत्री संविधान भनेको के हो ? | ११ |
| ११. | मानव अधिकारमैत्री संविधान निर्माणको उद्देश्य के हो ? | १३ |

| | | पेज नं. |
|---|---|---|
| १२. | मानव अधिकारमैत्री संविधान निर्माण गर्ने सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगले संविधानसभालाई के कसरी सहयोग पुऱ्याउन सक्छ ? | १३ |
| १३. | संविधान निर्माणको क्रममा सरकारले हस्तक्षेप वा निर्देशन दिन सक्छ कि सक्दैन ? | १५ |
| १४. | संविधान लेख्ने काम संविधान सभाका सबै सभासद्हरुले गर्छन कि गर्दैनन् ? | १६ |
| १५. | सबै सभासद्ले संविधान लेख्ने काम गर्दैनन् भने सबैको सहभागिता कसरी सुनिश्चित गर्न सकिन्छ ? | १६ |
| १६. | मानव अधिकारमैत्री संविधान लेखन कार्यलाई कसले पूर्णता दिन्छ ? | १७ |
| १७. | संविधानसभाले कस्तो विषयलाई जनमत संग्रहको विषय बनाउन सक्छ ? | १७ |
| १८. | नेपालको अन्तरिम संविधान, २०६३ मा संविधानको विधेयक पारित गर्ने विधिकस्तो रहेको छ ? | १८ |

**१. संविधानसभा भनेको के हो ?**

उत्तर- संविधान निर्माणकालागि जनताबाट निर्वाचित प्रतिनिधिहरु, समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित राजनैतिक दलका प्रतिनिधिहरु एवं मन्त्रिपरिषद्बाट मनोनित सदस्यहरुको सभा नै नेपालको सन्दर्भमा संविधान सभा हो ।

**२. संविधानसभाको उद्देश्य के हो ?**

उत्तर- जनभावना अनुकूल संविधान निर्माण गर्नु संविधानसभाको प्रमुख उद्देश्य हो । संविधानसभाका उद्देश्यहरुलाई निम्न लिखित रुपमा व्यक्त गर्न सकिन्छ :

- दिगो शान्ति स्थापनार्थ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको संरचना गर्ने,
- मुलुकमा शान्तिपूर्ण तरीकाले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन हासिल गर्न परिवर्तनका सबै सम्भावनाहरु पहिल्याउने,
- विभेदकारी राज्य संचालन नीतिको अन्त गरी समतामूलक समाजको स्थापना गर्न अविभेदकारी राज्य नीति निर्माण गर्ने,
- नेपालको बहुभाषिक, बहुसाँस्कृतिक एवं क्षेत्रीय विविधतालाई समेट्ने गरी समानुपातिक सहभागिताबाट राज्य संचालन गर्ने संयन्त्र विकास गर्ने,



- मानवीय मर्यादाको उच्च सम्मान गर्दै बाल अधिकार, महिला अधिकार, वृद्धवृद्धाको अधिकार लगायत सबै मानव अधिकार सबैका लागि सुनिश्चित गर्ने,
- महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, पिछडिएका वर्ग, सिमान्तिकृत समुदाय, अल्पसंख्यक, तेस्रो लिङ्गी सबैलाई शासन व्यवस्थामा सम्मिलित हुने संयन्त्रको निर्माण गर्ने,
- मुलुकको चौतर्फी विकासको पूर्वाधारलाई सबै क्षेत्रमा विकसित गरी सन्तुलित एवं दिगो विकासको अवधारणालाई विकास गर्ने आदि ।

**३. संविधानसभाले गर्ने मुख्य कार्यहरु के के हुन् ?**

उत्तर- संविधानसभाले नेपाली जनताको भावनालाई समेटेर संविधान निर्माण गर्ने कार्य गर्दछ । विस्तृत रुपमा भन्नु पर्दा संविधान सभाले संविधानको मस्यौदा तयार गर्ने र छलफल गरी पारित गर्ने, व्यवस्थापिका संसद्को रुपमा कार्य गर्ने, राज्य पुनःसंरचना सम्वन्धी कुराको टुङ्गो लगाउने, जनमत संग्रहबाट निर्णय गर्ने विषयको पहिचान गर्ने आदि मुख्य रुपमा रहेका छन् ।

**४. संविधान भनेको के हो ?**

उत्तर- संविधान देशको मूल कानून हो । यो सरकारकोलागि एउटा निर्देशिका हो । मुलुकको सम्पूर्ण

शासन व्यवस्था संविधान र यस अन्तर्गत बनेका कानून अनुसार संचालन हुन्छ । यो सरकारलाई शक्ति प्रदान गर्ने र शक्ति माथि नियन्त्रण लगाउने एउटा हतियार पनि हो । संविधान शासकको अधिकारक्षेत्र र जनताको अधिकारबीच समन्वय स्थापित गर्ने महत्वपूर्ण लिखत हो । तसर्थ, संविधान वास्तवमा राज्य र राज्य व्यवस्थाको दर्पण हो ।

**५. संविधान निर्माण प्रक्रियामा जनसहभागिता हुनु किन आवश्यक छ ?**

उत्तर- संविधान निर्माण प्रक्रियामा जनसहभागिता सुनिश्चित हुनु पर्ने निम्न लिखित कारणहरु हुन सक्दछन् :

- सबै जनतालाई आर्थिक तथा सामाजिक न्यायको प्रत्याभूति दिलाउन,
- सबै नागरिकलाई राजनीतिक मूल प्रवाहमा समावेश गराउन,
- अनेकताभित्र एकताको आभाष दिलाउन,
- विभिन्न जाति, जनजाति, आदिवासी तथा अल्पसंख्यक समुदायको पहिचानको सम्मान तथा उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्न ।

यसरी सुनिश्चित गरिएको जनसहभागिताले संविधानका सिद्धान्त र उद्देश्यको पहिचान गर्छ,



मस्यौदा गरिएका विविध विषयमा छलफलमा भाग लिई राय सुझाव दिन्छ र देशको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, भौगोलिक लगायत अन्य विविध विषयको मूल्यांकन गरी ठोस मार्गनिर्देश गर्छ । जसले संविधान निर्माण कार्यलाई सहज र सरल बनाउँछ ।

**६. संविधान सभाले संविधान निर्माण गर्दा के कस्तो प्रक्रिया अपनाउन सक्छ ?**

उत्तर-

- संविधान सभाले संविधान निर्माण गर्दा जनआन्दोलन-२ को जनादेशलाई मध्येनजर गर्दै संविधानमा समावेश गरिने प्रत्येक विषयका सम्वन्धमा आमजनताको राय अभिमत बुझ्नु अत्यन्त आवश्यक हुन्छ । यसलाई एजेण्डा संकलनको चरण भन्न सकिन्छ । दक्षिण अफ्रिकामा संविधान निर्माणको सिलसिलामा २५००० एजेण्डाहरु संकलन गरिएका थिए भने भारतको संविधान निर्माणको क्रममा संकलित २००० भन्दा बढी एजेण्डाहरु मध्ये ५०० एजेण्डाहरुलाई आवश्यक संशोधन सहित संविधानमा समावेश गरिएको थियो ।
- जनताको अभिमत संकलन गर्ने सन्दर्भमा खास गरी आर्थिक, सामाजिक, धार्मिक वा साँस्कृतिक रुपले पिछडिएका जनताको भावनालाई विशेष महत्व दिनु जरुरी हुन्छ ।

- संविधानसभाले संविधान निर्माणका क्रममा सम्भव भए सम्म त्यस्ता सबै जातजाति, भाषा, धर्म, संस्कृतिका पिछडिएका जनता तथा अल्पसंख्यक समुदायको भावनालाई बुझ्न स्थानीय स्तर सम्म आफ्नो पहुँच विस्तार गर्ने वा अन्य कुनै उपयुक्त संयन्त्र निर्माण गरी त्यस मार्फत जनताको अभिमत संकलन गर्नु पर्दछ ।
- संविधान सभाले अभिमत संकलनको कार्य पश्चात जनताका ती भावनाहरुलाई लिपिवद्ध गर्न संविधान सभाभित्रबाट नै विभिन्न प्राविधिक समिति तथा उपसमितिहरु गठन गर्न सक्दछ ।
- यसरी गठन हुने प्राविधिक समितिहरुले सम्वन्धित विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञहरुको परामर्श लिनु उपयुक्त हुन्छ । यी समितिहरुले सम्वन्धित विषयमा छलफल, अन्तरक्रिया तथा गोष्ठी संचालन गरी आफ्नो कार्यलाई पारदर्शी र सहज बनाउन सक्छन् ।
- सबै राजनैतिक दलहरुले संविधानसभा निर्वाचनको समयमा आफूले जारी गरेका घोषणापत्रमा नयाँ बन्ने संविधानको खाका यस प्रकारको हुनेछ भनी स्पष्ट उल्लेख गरेको अवस्थामा भने संविधान सभाले सोझै विभिन्न प्राविधिक समितिहरु मार्फत मस्यौदा तथा छलफलको कार्य अगाडि बढाउन सक्छ ।



**७. विगतमा नेपालमा निर्माण भएका संविधानहरु भन्दा वर्तमान संविधानसभाले निर्माण गर्ने संविधान कुन अर्थमा फरक हुन्छ ?**

उत्तर- विगतमा बनेका कुनै पनि संविधान जनताले बनाउन पाएनन् । तसर्थ, तिनले आमजनताको भावनालाई समेट्न सकेनन् । “नेपाल सरकार वैधानिक कानून २००४” निर्माणको सन्दर्भ उल्लेख गर्नु पर्दा तत्कालीन समयमा संविधान बनाउने अख्तियार राणा प्रधानमन्त्रीलाई कतैबाट प्राप्त भएको देखिदैन तर पनि पद्म सम्शेरले सो संविधान जारी गरे । “नेपाल अन्तरिम शाशन विधान २००७” को निर्माण प्रक्रिया कस्तो थियो भन्ने कुरा पारदर्शी थिएन । तथापि राजा त्रिभूवनले यसलाई प्रजातन्त्रात्मक संविधान भनेका थिए । “नेपाल अधिराज्यको संविधान, २०१५” को निर्माण प्रक्रिया पनि समावेशी थिएन । यो संविधानको मस्यौदा गर्न सर आइभर जेनिङ्गसको सल्लाह लिइएको थियो भन्ने इतिहास रहेको छ । यसलाई राजा महेन्द्रले आफूमा रहेको “राजकीय शक्ति र अन्तर्निहित शाही विशेषाधिकार” को प्रयोग गर्दै जारी गरेका थिए । बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी एकदलीय पंचायती व्यवस्था लागू गर्दै राजा महेन्द्रले नै “नेपालको संविधान, २०१९” जारी

गरे । यो संविधानले पनि संविधानको श्रोत र सम्पूर्ण शक्तिको केन्द्र राजालाई नै मानेको थियो । २०४६ सालमा मुलुकमा आएको राजनैतिक परिवर्तन पश्चात राजा वीरेन्द्रले तत्कालीन मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा ९ सदस्यीय संविधान सुधार सुझाव आयोग बनाई संविधान निर्माणको कार्य सुम्पिएका थिए । सो आयोगले पेश गरेको मस्यौदा संविधानलाई नै राजा वीरेन्द्रले २०४७ सालमा जारी गरेका थिए ।

यसरी विगतमा बनेका ५ वटा संविधानहरुको निर्माण प्रक्रियालाई अध्ययन गर्दा कुनै पनि संविधान निर्माणको क्रममा जनताको अभिमत बुझिएको पाइदैन । तत्कालीन अवस्थामा सार्वभौमसत्ता सम्पन्न मानिने राणा वा राजाले आफ्नो स्वविवेकीय र राजकीय अधिकार प्रयोग गरी आफूले रुचाएका व्यक्तिहरुको राय सल्लाह लिई संविधान जारी गरेको देखिन्छ । तर, वर्तमान सन्दर्भमा संविधान निर्माणको कार्य धेरै अर्थमा भिन्न रहेको छ । यो संविधान राजा वा राष्ट्र प्रमुख वा निजहरुले मनोनित गरेका केही सीमित व्यक्तिहरुको आयोग वा समिति वा भेलाले बनाउने नभई संविधान निर्माणकै विशेष प्रयोजनकालागि सार्वभौम जनताबाट चुनिएका



जनताका प्रतिनिधिहरुले बनाउन गइरहेको अवस्था हो । यो संविधान निर्माण कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष दुवै रुपमा जनताकै सहभागिता रहन्छ । यो संविधान निर्माण गर्ने अवस्था भनेको कुनै तानाशाह वा निरंकुश शासकले आफ्नो इच्छा अभिव्यक्त गर्ने वा निजको दयामायाले केही अधिकार जनतालाई दिने अवस्था होइन । यसमा जनताले आफूले चाहे जस्तो संविधान बनाउन सक्छन् । त्यसैले भनिन्छ कि “संविधानसभाले बनाएको संविधानमा जनताको आत्मा हुन्छ, तसर्थ यसले जनताको भावना अभिव्यक्त गर्दछ ।”

**८. मानव अधिकार भनेको के हो ?**

उत्तर- मानिसलाई मानिसको हैसियतमा मर्यादित भएर बाँच्नकालागि आव्शयकपर्ने सबै अधिकारहरुलाई मानव अधिकार भनिन्छ । मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारलाई व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्वन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा निहित अधिकार लाई बुझ्नु पर्दछ भनी परिभाषित गरेको छ ।

**९. संविधान लेखनको सन्दर्भमा मानव अधिकारको सवाल किन महत्वपूर्ण मानिन्छ ?**

**उत्तर-** संविधानले शासक र शासितको अधिकारबीच समन्वय र सन्तुलन कायम गर्दछ । तसर्थ संविधान निर्माणको क्रममा जनतालाई अधिकार सम्पन्न बनाउन वा अधिकारको बाँडफाँड र त्यसको प्रयोग तथा अधिकारको उल्लंघन वा हनन् भएको अवस्थामा उपचारको व्यवस्था गर्नु अत्यन्त आवश्यक हुन्छ । जतिजति मुलुक विकसित र सम्वृद्ध हुँदै जान्छ त्यति नै जनताहरु शिक्षित हुदै जान्छन् र आफ्ना अधिकार प्रति सजग रहन्छन् । यसका अतिरिक्त मानव अधिकार तथा आधारभूत स्वतन्त्रता व्यक्तिका जन्मसिद्ध अधिकार भएको हुनाले राज्यले तिनको हरण गर्न सक्दैन । राज्यले नागरिकका यस्ता अधिकारहरुको संरक्षण गरी तिनको निर्वाध उपभोगको वातावरण मिलाउनु पर्ने हुन्छ । जनतामूखी संविधान वा जनता स्वयंले बनाएको संविधानले जनतालाई बढिभन्दा बढि अधिकार सम्पन्न बनाएको हुन्छ । संविधानमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको प्रत्याभूति गरिनु सभ्य समाज र लोकतन्त्रको परिचायक पनि हो ।



लोकतन्त्र र मानव अधिकार एक अर्काका पूरकका रुपमा रहेका हुन्छन् । एउटाको प्रत्याभूति विना अर्काको उपभोगको परिकल्ना गर्न सकिदैन । यस अर्थमा मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रत्याभूति असल संविधान मापन गर्ने एउटा कसी हो भन्न सकिन्छ । यी दुवैको प्रत्याभूतिले वास्तवमा विधिको शासनलाई मजवुत बनाउँछ र विधिको शासनले न्यायपूर्ण समाजको स्थापना गर्दछ ।

विकासको गति सँगै अघि बढ्दै जाँदा राज्यले आफ्ना नागरिकलाई विगतका संविधानले प्रदान गरे भन्दा बढी अधिकारहरु प्रदान गर्नु पर्ने हुन्छ । यसका अतिरिक्त राज्यले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिवद्धता, राज्यले अनुमोदन/सम्मीलन गरेका मानव अधिकार सम्वन्धी सन्धिहरु समेतलाई संविधान निर्माणका वखत विषेश ध्यान दिनु पर्ने हुन्छ । यसरी राज्यले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धिहरुलाई घरेलु कानूनमा रुपान्तरण गरी व्यवहारमा लागू गर्नकालागि संविधान एक सर्वोत्तम माध्यम मानिन्छ र त्यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरुसँग मेलखाने गरी संविधान निर्माण गर्न सके पछि संविधान संशोधन गर्नु पर्ने आवश्यकता समेत

रहदैन । यस अर्थमा पनि संविधान निर्माणका वखत मानव अधिकारको सवाल अहम मानिन्छ ।

**१०. मानव अधिकारमैत्री संविधान भनेको के हो ?**

**उत्तर-** जुन संविधानले मानव अधिकारका सिद्धान्त र मूल्य मान्यतालाई पूर्ण रुपमा आत्मसात् गर्दै मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रत्याभूति गर्दछ त्यस संविधानलाई मानव अधिकारमैत्री संविधान भनिन्छ । यस्तो प्रत्याभूति राष्ट्रिय संकटको घडिमा समेत सुनिश्चित गरिनु पर्दछ । मानव अधिकारमैत्री संविधानले मानव अधिकारका प्रावधानहरुलाई असंशोधनीय वा अपरिवर्तनीय बनाउन सक्छ, तर थप मानव अधिकारहरुलाई मौलिक हक अन्तर्गत ल्याउन भने यसले रोक लगाउदैन । यस्तो संविधानले मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सबै उपायहरु अलम्वन गरेको हुन्छ । जस अन्तर्गत विधायिकी, न्यायपालिकीय, प्रशासकीय र अन्य आवश्यक संयन्त्र तथा संरचनाको निर्माण वा स्थापना र विकास एवं संचालनकालागि मार्ग प्रशस्त गरेको हुन्छ । मानव अधिकारमैत्री संविधानले लोकतन्त्र र विधिको शासनका आधारभूत मान्यतालाई पूर्णत अंगिकार गरेको हुन्छ र विधिको शासनको



वहालीकालागि चाहिने आधारशीला तयार गरेको हुन्छ ।

संविधानले व्यवस्था गरेका कुनै पनि अंग वा निकायहरुको काम, कर्त्तव्य र अधिकारको विभाजनमा समेत मानव अधिकारप्रतिको संवेदनशीलता देखिनु पर्छ । मानव अधिकारको निर्वाध उपभोगलाई सुनिश्चित गर्नकालागि त्यस्ता निकायहरुको काम कारवाहीलाई पारदर्शी, व्यवस्थित र जनउत्तरदायी बनाइनु आवश्यक हुन्छ । राज्यका सबै निकायहरुले मानवीय मर्यादालाई शीर्ष स्थानमा राखेको हुनु पर्दछ ।

मानव अधिकारमैत्री संविधान निर्माण गर्दा यसमा प्रयोग गरिने भाषाशैली र शव्द चयन समेतमा विशेष ध्यान दिनु पर्ने हुन्छ ताकि कसैले पनि आफूलाई होच्याएको, उपेक्षा गरेको, भेदभाव गरेको महशुस नगरोस् । कुनै पनि जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, वैचारिक आस्था, सामाजिक हैसियत, सम्पत्ति, शारीरिक सक्षमता वा अन्य कुनै पनि कुराको आधारमा कसै उपर महत्ताभाष वा लघुताभाष झल्काउने वा भेदभाव देखिने किसिमको शव्द चयन वा भाषा शैलीको प्रयोग हुनु हुदैन ।

**११. मानव अधिकारमैत्री संविधान निर्माणको उद्देश्य के हो ?**

**उत्तर-** मानव अधिकारमैत्री संविधान निर्माणको उद्देश्य राज्यले विधिको शासनद्वारा सबै जनतालाई विना कुनै भेदभाव गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा लगायत नागरिकका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै सम्पूर्ण मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्नकालागि समावेशी एवं लोकतान्त्रिक पद्धति अँगाल्दै Polyarchy राज्य व्यवस्थाको अनुभूति प्रदान गर्नु हो । जसले गर्दा सबैले एक स्वरमा भन्न सकुन् कि: **"निरोगी सबै हुन् सबै हुन् सुखीया । सबै वेस देखुन नहुन क्वै दुखीया ॥"**

**१२. मानव अधिकारमैत्री संविधान निर्माण गर्ने सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगले संविधानसभालाई के कसरी सहयोग पुऱ्याउन सक्छ ?**

**उत्तर-** राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रकावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नकालागि स्थापित एक संवैधानिक अंग हो । यो आयोग मानव अधिकारका विविध पक्षमा विशेष दक्षता राख्दछ । मानव अधिकार र मानवीय कानूनका विविध विषयमा यस आयोगको गहिरो अध्ययन र अनुभव



छ । यसले विश्वका धेरै मुलुकको मानव अधिकारको प्रणालीगत व्यवस्था, उत्तम अभ्यास र अन्य विविध पक्षलाई नजिकबाट नियाँलेको छ । यस आयोगले छोटै अवधिमा भए पनि धेरै व्यवहारिक अनुभव सँगालेको छ । मानव अधिकारका सम्वन्धमा राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय प्रवाहसँग आयोग राम्रोसँग परिचित छ । तसर्थ, आयोगले मानव अधिकारमैत्री संविधान निर्माण गर्ने सम्वन्धमा संविधानसभालाई महत्वपूर्ण सहयोग पुऱ्याउन सक्छ । आयोगले गर्न सक्ने सहयोगहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ:

- मानव अधिकारका विविध विषयमा सर्वसाधारण जनता खास गरी पिछडिएको जाति जनजाति, अल्पसंख्यक तथा दुर्गम क्षेत्रका जनताको अभिमत संकलन गर्ने,
- देशका विभिन्न स्थानमा मानव अधिकारका सवालहरुमा छलफल अन्तरक्रिया गर्ने र मानव अधिकारका सवालहरुलाइ वौद्धिक वहसको विषय बनाउने,
- विषयगत दक्षता राख्ने सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गरी संविधानमा समावेश गरिनु पर्ने मानव अधिकारका प्रावधानहरुमा स्पष्टता ल्याउने,

- मानव अधिकारमैत्री संविधान निर्माण गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले संविधानसभा समक्ष राय सहितको प्रतिवेदन पेश गर्ने,
- संविधानसभाबाट संविधान लेखनको सिलसिलामा गठन हुने विभिन्न प्राविधिक समिति तथा उपसमितिहरुमा विशेषज्ञको रुपमा रही कार्य गर्ने,
- संविधानसभा वा संविधानसभाबाट गठित प्राविधिक समितिहरुबाट माग भएको अवस्थामा संविधानका केही प्रावधानहरुको मस्यौदा प्रस्ताव पेश गर्ने आदि ।

**१३. संविधान निर्माणको क्रममा सरकारले हस्तक्षेप गर्न वा निर्देशन दिन सक्छ कि सक्दैन ?**

**उत्तर-** संविधान निर्माणको कार्य संविधानसभाको नितान्त निजी विषय हो । संविधानसभाको क्षेत्राधिकारमा सामान्यतया कार्यपालिकाले हस्तक्षेप गर्न सक्दैन र गर्नु हुदैन पनि । तथापि कार्यपालिकाले विभिन्न निकाय, संघसंस्था, नागरिक समाज वा व्यक्ति विशेषले दिएको सुझावलाई एकीकृत गरी संविधानसभालाई हस्तान्तरण गर्न सक्छ तर यस कार्यले कार्यपालिकाले संविधानसभालाई हस्तक्षेप गरेको वा निर्देशन दिएको भन्न मिल्दैन ।



**१४. संविधान लेख्ने काम संविधान सभाका सबै सभासद्हरुले गर्छन कि गर्दैनन् ?**

**उत्तर-** संविधान लेख्ने काम संविधान सभाका सबै सभासद्हरुले गर्दैनन् । संविधान निर्माण गर्नकालागि संविधान सभाले सभासद्हरु मध्येबाट विशेष दक्षता भएका सभासद्हरुलाई समावेश गरी विभिन्न विषयका प्राविधक समिति तथा उपसमितिहरु बनाउन सक्छ र ती समिति तथा उपसमितिहरुले आफूलाई तोकिएको विषयको मस्यौदा गर्ने गर्दछन् ।

**१५. सबै सभासद्ले संविधान लेख्ने काम गर्दैनन् भने सबैको सहभागिता कसरी सुनिश्चित गर्न सकिन्छ ?**

**उत्तर-** संविधान लेख्ने कार्यमा प्रत्यक्ष रुपमा सहभागिता नभए पनि संविधान सभाका सबै सभासद्हरुको यस कार्यमा संलग्नता रहन्छ । सभासद्हरुले आफ्नो ज्ञान, अनुभव र दक्षता भएको विषयमा छुट्टा छुट्टै मस्यौदा वा बुँदाहरु पेश गर्न सक्छन् । त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७० बमोजिम संविधानसभाले संविधानको विधेयक पारित गर्दा संविधान सभामा पेश भएको त्यस्तो विधेयकको प्रस्तावना तथा प्रत्येक धारामा मतदान गरी पारित गर्नेछ भनी स्पष्ट रुपमा व्यवस्था भएको छ । यस आधारमा

विचार गर्दा सभासद्हरुले दफावार छलफल गरी मस्यौदाको संशोधन, खारेज, आवश्यक थपघट वा परिमार्जन गरी संविधान निर्माणको कार्यमा योगदान पुऱ्याउँछन् । अन्त्यमा, प्रत्येक सभासद्ले आफ्नो मत जाहेर गरी संविधान पारित गर्ने कार्यमा सहभागी हुन्छन् ।

**१६. मानव अधिकारमैत्री संविधान लेखन कार्यलाई कसले पूर्णता दिन्छ ?**

**उत्तर-** मानव अधिकारमैत्री संविधान लेखन कार्यलाई विभिन्न तरीकाले अगाडि बढाए पनि अन्ततः यसलाई पूर्णता दिने कार्य संविधानसभाले मात्र गर्न सक्छ ।

**१७. संविधानसभाले कस्तो विषयलाई जनमत संग्रहको विषय बनाउन सक्छ ?**

**उत्तर-** राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संविधानसभाले तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय गरेमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिन्छ । (उदाहरणः राज्यको पुनःसंरचना सम्वन्धी विषय जनमत संग्रहको विषय बन्न सक्छ । )



**१८. नेपालको अन्तरिम संविधान, २०६३ मा संविधानको विधेयक पारित गर्ने विधि कस्तो रहेको छ ?**

**उत्तर-** संविधानको धारा ७० मा उल्लेख भएको व्यवस्थालाई मध्येनजर गर्दा संविधान सभाले संविधानको विधेयक पारित गर्दा संविधान सभामा पेश भएको त्यस्तो विधेयकको प्रस्तावना तथा प्रत्येक धारामा मतदान गरी पारित गर्नु पर्दछ । यसरी मतदान गर्दा संविधान सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको सर्वसम्मतिबाट पारित गर्नु पर्दछ ।

संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेमा सो विषयमा सर्वसम्मति कायम गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका संसदीय दलका नेताले आपसमा परामर्श गरी त्यस्तो विधेयकको प्रस्तावना वा कुनै धारा उपर पुनः मतदान गर्दछन् । यसरी मतदान हुँदा पनि सर्वसम्मत कायम हुन नसकेमा प्रस्तावना वा जुन धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेको हो सो प्रस्तावना वा धारामा पुनः मतदान हुनेछ र त्यस्तो मतदानमा संविधान सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको

कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो प्रस्तावना वा धारा पारित भएको मानिनेछ व्यवस्था छ । संविधान पारित गर्दा संविधानसभाका सदस्यले विपक्षमा मतदान नगरेका सबै अवस्थामा सर्वसम्मति कायम भएको मानिने व्यवस्था छ । संविधानसभाको कुनै सभासद् संविधानसभाको वैठकमा अनुपस्थित रहेको वा उपस्थित भई मतदानका वखत तटस्थ रहेको कुराले सर्वसम्मत कायम भएको भनी वैधानिकता प्रदान गर्ने कुरामा कुनै वाधा पुऱ्याएको देखिदैन ।



## सन्दर्भ सामग्रीहरु


१. कानून किताव तथा व्यवस्था समिति, नेपालको अन्तरिम संविधान, २०६३ ।

२. कानून अनुसन्धान तथा विकास फोरम (फ्रिडिल), नेपालको संवैधानिक कानून, २०५४, जगदम्वा प्रेस ।

३. चन्द्रकान्त ज्ञवाली, संविधानसभा र राज्यको पुनर्संरचना, २०६४ (दोस्रो संस्करण), जनसेवा प्रिन्टर्स ।

४. डा. वुद्धिप्रसाद भण्डारी, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, २०६५, पैरवी प्रकाशन ।

५. प्रा.डा. वीरेन्द्र प्रसाद मिश्र समेत, संविधानसभाको संरचना र निर्वाचन पद्धति, २०६३, फ्रिडम फोरम ।

६. निर्वाचन आयोग, २०६४, संविधानसभा सदस्य निर्वाचनका विषयमा बरोवर सोधिने प्रश्न र सोको उत्तर ।

७. राष्ट्रिय मानव अधिकार आयोग, २०६५, मानव अधिकार प्रश्न-उत्तर सँगालो ।